नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
फोन ४२००१०९, ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

# प्रेश विज्ञप्ति

नेपालको संविधानको धारा २२० बमोजिमको जिल्ला सभा, धारा २२२ बमोजिमको गाउँ सभा, धारा २२३ बमोजिमको नगर सभा सञ्चालन गर्न धारा २२७ बमोजिम प्रदेश आवश्यक पर्ने बैठक कार्यविधि नवनेसम्मको लागि स्थानीय व्यवस्थापिका (सभा) को बैठकलाई थप व्यवस्थित गर्नको लागि नेपाल सरकार (मा. उपप्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रीस्तर) बाट गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि, २०७४ स्वीकृत भएको छ ।

स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरुको बहालीसँगै संविधानको धारा २२६ बमोजिम गाउँ तथा नगर सभाले अनुसूची ८ र ९ बमोजिमको कानुन बनाउन सक्ने व्यवस्था भए अनुसार तत्कालको लागि आवश्यक पर्ने विभिन्न नमूना कानुनहरु यस अघि नै उपलब्ध गराई सकेको छ भने थप आवश्यक देखिएका कानुनहरु क्रमशः उपलब्ध गराउने लक्ष्य मन्त्रालयले लिएको छ ।

यसै सन्दर्भमा स्थानीय तहको तत्काल सभाको बैठक बसी संविधानको धारा २३० बमोजिम गाउँ तथा नगरपालिकाहरुको आगामी आ.व. २०७४/७५ को राजस्व र व्ययको अनुमान (बजेट) सभामा पेश गरी पारित गराउनु पर्ने संवैधानिक वाध्यता रहेको अवस्थामा स्थानीय तहहरुले उक्त बैठक कसरी सञ्चालन गर्ने? कसरी बजेट पेश गर्ने? कानुनहरु कसरी पारित गर्ने? भन्ने बिषयमा द्विविधा उत्पन्न भएकोले तत्काल यस समस्याको संवोधन गरी स्थानीय तहमा उत्पन्न भएको अन्यौलको वातावरणलाई सहज र सरल ढंगबाट व्यवस्थापन गर्नको लागि मन्त्रालयले गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि, २०७४ (नमूना) जारी गरेको छ ।

यसले नेपालको संविधानको भाग १८ को दफा २२१ देखि २२७ सम्मको संवैधानिक व्यवस्थालाई सरल रुपमा कार्यान्वयन गर्न तथा स्थानीय व्यवस्थापिकाको सर्वोच्चतालाई समेत कायम राखी जन अपेक्षा अनुरुपको कानुनहरु निर्माण, नीतिहरुको निर्माण र कार्यक्रम तथा बजेटको तर्जूमा हुनेछ भन्ने मन्त्रालयको अपेक्षा रहेको छ ।

रुद्रसिंह तामाङ

प्रवक्ता/सह सचिव

२०७४ असार २६



Scanned by CamScanner